# अछाम जिल्ला का स्थान नाम

-हर्क बहादुर शाही (पीएच डी.)

**सार**

नेपालको सात नंम्बर प्रदेशको अछाम जिल्लाका स्थाननामको संकलन गरी तिनको जातिगत, विशेषण र संज्ञाका आधारमा वर्गीकरण गर्नु उद्देश्य रहेको यस लेखको ढाँचा गुणात्मक प्रकृतिको र जनसंख्या सम्पूर्ण अछाम जिल्लाका स्थाननाम र नमुनाका रूपमा प्रमूख धार्मिक र ऐतिहासिक स्थाननामलाई लिइएको छ। क्षेत्र भ्रमण र जिल्लागत प्रोफाइलबाट सामग्री संकलन गरी जाति, विशेषण र संज्ञाका आधारमा वर्गीकरण गरी विश्लेषण गरिएको छ। नेपालका विभिन्न क्षेत्रमा बसोबास गर्ने अछामी, दर्नाल, ओली, दुवाल, कुइकेल, देवकोटा, घोडासैनि, धमाला, चापागाईं,
पुडासैनी, जनाला\जनाल, बजगाई, जयगढी, बस्टेल, जमाल, बाँझकोटी, टिमाल, बराल, ठिंगाल, मुलेल, ढकाल, रिमाल, ढुङ्गाना, लेखकोटि, तिमिल्सैना, सोगट, धारासैनी, जमाल, मंगलसैनी गरी २९ ओटा जातिका थरहरूको निर्माण अछामका विभिन्न स्थाननामबाट भएको छ। यस जिल्लाका स्थाननाम नौलो, फाटो, पुरानो, तलि, हप्रि, मुल्लो, ठुलो, सानो, लामो सुकिलो, कालो, पाँच, छ, पन्ध्र जस्ता विशेषण र टाँड, सैन, बाडा, पाटा, खाँद, चाल्ला, तोला, तोलि, थुम, मोरा, थाइ, थाइलो, मेलो, काँडा, गैरा, पाटा, गाउँ, पथ, बजार, गडो, खेत, वन, लेक, साल, पातल, सल्ला, खोला, घाट, दह, डम्म, खाल, गाड, गंगा, रवा, कोट, गडि, दरा, गड, ठाना जस्ता संज्ञाको संयोगबाट निर्माण भएका छन् ।

**मूल शब्दावली**

स्थाननाम, अछाम, विशेषण, संज्ञा, जाति, भौगोलिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक भाषिक ।

अछाम जिल्लाको परिचय

अछाम नेपालको प्रदेश नम्बर सातको सेती अञ्चलमा पर्ने पहाडी जिल्ला हो। यस जिल्लाको पूर्व र दक्षिणमा कर्णाली नदी र पश्चिममा सेती नदीले घेरिएको छ। उत्तरतिरको सीमाना हिमाली पर्वत हिमश्रृङ्खलाले छुट्याएको छ। सरीफाको आकार जस्तो देखिने यो जिल्लाको दक्षिणी भागलाई महाभारतको डाँडाले र उत्तरतिरको भागलाई हिमाली प्रदेशले च्यापेजस्तो देखिन्छ । २८°४५'-२९°३३' सम्म अक्षांश र ८१°०२'-८१°३५' देशान्तरसम्म फैलिएको यस जिल्लाको पूर्वतिर कालिकोट र दैलेख, पश्चिममा डोटी उत्तरतिर बझाङको छोटी मालिका लेक र बाजुरा, दक्षिणतिर सुर्खेत जिल्ला पर्दछन् । १६९२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको अछाम जिल्ला ५४० देखि ३८२० मिटरसम्मको उचाईमा फैलिएको छ । लेक, डाँडा, भञ्याङ, नदीनाला, बेसीले यस

जिल्लाको भौगोलिक स्वरूप निर्माण गरेको छ । ब्राह्मण, क्षेत्री, कामी, दमाइ, ठकुरी, सार्की, सन्यासी, मगर र अन्य जातिको बसोबास भएको अछामको जनसंङ्ख्या २,५७,४७७ ( जन गणना २०६८ ) रहेको छ र अछामी भाषा बोल्नेको सङ्ख्या १, ४२, ७८७ रहेको छ । नेपालका १२३ भाषा मध्येको अछामी भाषा यस जिल्लाका अधिकांशको भाषा हो। स्थानिक क्रियाविशेषणको पनि रूपानली हुनु,नेपाली भाषाको यकारको स्थानमा या कोउच्चारण हुनु यस भाषाका विशेषता हुन । जन गणना २०५८ अनुसार यस जिल्लाको साक्षरता दर ५३.१८ प्रतिशत छ भने जन घनत्व प्रतिवर्ग कि.मि. १३८ र जनसङ्ख्या वृद्धि दर १.०९ प्रतिशत रहेको छ ।

**अध्ययन विधि र सामग्री संकलन**

अछाम जिल्लाका स्थाननामको सङ्कलन गरी ती नामको विशेषण र संज्ञाका आधारमा वर्गीकरण गर्नु मूल उदेश्य रहेको यो अध्ययन गुणात्मक ढाँचाको रहेको छ। अछामका सम्पूर्ण स्थाननाम यसको जनसंख्या हो भने प्रमुख धार्मिक, ऐतिहासिक, सामाजिक, राजनैतिक, वनस्पतिबोधक, स्थानबोधक र जातिबोधक स्थाननामलाई उद्देश्यमूलक नमुनाका रूपमा लिइएको छ। क्षेत्र भ्रमण,शोधपुछ, टेलिफोन र जिल्लाको पछिल्लो प्रोफाइलबाट स्थाननामको सङ्कलन गरिएको हो। संकलित स्थाननामलाई स्थाननाम वर्गीकरणका आधारहरू मध्ये भाषिक विश्लेषणका आधारमा विश्लेषण गरिएको छ।

**स्थान नामको परिचय**

स्थाननाम शब्द ग्रिक भाषाको 'topos' र 'onyma' बाट निर्माण भएको हो । topos को अर्थ स्थान र onyma को अर्थ नाम हुन्छ । कुनै पनि स्थानको पहिचान गराउन प्रयोग हुने भौगोलिक नामलाई वा शब्दलाई स्थाननाम (toponym) भनिन्छ । यसले कुनै निश्चित स्थानको जानकारी दिन्छ । भूमण्डलका प्रत्येक बिन्दुलाई स्थान भनिन्छ । वैज्ञानिकहरूले भू-तलका यस्ता बिन्दुलाई अक्षांश र देशान्तर जस्ता गणीतीय नामकरण गरेका छन् तर ती प्रत्येक स्थानको नाम भने हुदैन । कुनै पनि स्थानको नामले त्यस स्थानको मानव सभ्यतासँग सम्बन्धित कला, साहित्य, संस्कृति, भाषा, भूगोल, ज्ञानविज्ञान परम्परा र इतिहासलाई आत्मासाथ गरेका हुन्छन् । मानव सभ्यता विकासको विशिष्टताको योग स्थान नामसँग हुने हुनाले यसको संरचना प्राकृतिक हुन्छ । जसरी शरीरको कुनै अङ्गलाई अलग पहिचान गर्नका लागि नामको आवश्यक हुन्छ त्यसैगरी कुनै पनि क्षेत्रको पृथकत्व बोधका लागि त्यस स्थानको नामकरण आवश्यक हुन्छ । यो एक सांस्कृतिक आवश्यकता हो । स्थानको नामकरण मानव सभ्यताको एक महत्त्वपूर्ण सोपान हो । स्थाननाम आफ्नो समयको एक मूख्य साक्षी हुन्छ त्यसैले यसको अध्ययनबाट मानव सभ्यताका महत्त्वपूर्ण अन्य कुनै अध्ययनबाट पत्ता नलागेका कुराको पनि पत्ता लाग्न सक्छ । यसकारण स्थाननाम इतिहासको पाटटिप्पणी ( footnotes of history) हो भने पुरात्वको जीवाश्म (fossil of archaeology) हो । भाषाविज्ञान, मानव विज्ञान,भूगोल नृजाति विज्ञान, समाज राजनीति,संस्कृति, पर्यावरण, पुरात्त्व,मिथकशास्त्र, वर्णनशास्त्र, सूक्तिशास्त्र इत्यादिको अध्ययन स्थान नामको अध्ययन बिना अपूर्ण हुन्छ । स्थान नामको नामाकरण गर्नमा सम्बन्धित

क्षेत्रका समुदायको प्रमुख भूमिका रहन्छ । ती समुदायको भाषिक सांस्कृतिक र ऐतिहासिक झझल्को स्थान नाममा हुन्छ । त्यसकारण स्थान नामलाई सम्बन्धित क्षेत्रको भाषा र संस्कृतिको जननी मानिन्छ । यसलाई जात जातिको रचनात्मक सिर्जनाको परिचायक पनि मानिन्छ ।

**स्थाननामको अध्ययन परम्परा**

अष्टाध्यायीमा स्थाननामलाई भाषाशास्त्रको अभिन्न अंग मानिएको छ। अङ्ग्रेजी भाषामा ई. सं. १८७६ मा स्थाननामको अध्ययनलाई 'टोपोनिमी' (toponymy) मा समाहित गरेर अध्ययन गरिएको पाइन्छ । भारतमा भाषाविज्ञानसँगै राखेर यसको अध्ययन भएको पाइन्छ । सर्वप्रथम रायबहादुर हिरालाल (ई.१९१७)ले 'मध्य प्रदेश के भौगोलिक नाम', डा. सुनीति कुमार चाटुर्ज्या (ई. १९२६), डा. कृष्णपद गोस्वामी (ई.१९४६), डा. बानिकान्त काकाति र डा. एच डी सांकलियाले सुरुमा वङ्गाल आसाम र गुजरातका स्थाननामको अध्ययनमा काम गरेको पाइन्छ । ई. १९३६ मा डा. धीरेन्द्र वर्माले 'अवध जिलौं के नाम' को अध्ययन गरेर भारतीय नामको व्यवस्थित अध्ययन थालनी गरियो । ई. सं. १९६३ मा डा. वासुदेवशरण अग्रवालले पाणीनी कालीन स्थाननामको समीक्षा गरेको पाइन्छ । यसैगरी भोलानाथ तिवारीले आफ्नो भाषाविज्ञानमा पनि स्थाननाम विज्ञानको सङ्केत गरेका छन् भने कैलाशचन्द्र भाटीयाले पनि आफ्नो शब्दश्री तथा भाषा भूगोल पुस्तकमा प्रयाप्त मात्रमा स्थान नामको चर्चा गरेको पाइन्छ ।

ई. १९६४ मा लक्ष्मीनारायण शर्माद्वारा 'आगरा नगर के मुहल्ला नामों का भाषावैज्ञानिक अध्ययन एमए को शोधपत्रको रूपमा तयार पारेको पाइन्छ । आगरा विश्वविद्यालयबाट ई.सं.१९६७ मा डा. लक्ष्मीनारायण शर्माको 'बज्र के स्थान- अभिधानों का भाषावैज्ञानिक अध्ययन' शीर्षकको पीएचडी शोधप्रबन्ध स्वीकृत भएको पाइन्छ । ई.१९७२ मा उज्जैन विश्वविद्यालयबाट जालौन जनपद के सन्दर्भ में स्थान मामों का व्युत्पत्तिगत, ऐतिहासिक एवं सास्कृतिक अनुशीलन नामक शीर्षक डा. यमिनी का विद्यावारिधि शोधपत्र स्वीकृत भएको पाइन्छ। डा. सरित किसोरी श्रीवास्तवले 'वाराणसी का स्थान नामों का भाषाशास्त्रीय अध्ययन' काशी हिन्दू विश्वविद्यालयबाट ईं.१९७४ मा विद्यावारिधि उपाधीका लागि पूरा भएको पाइन्छ। । रायपुर और गुर्गले स्थान नामों मा रायपुर विश्वविद्यालयबाट ई. १९७६ मा पीएचडी गरेको पाइन्छ । सागर विश्वविद्यालयबाट राम प्रसाद गुप्ताले 'बांदा जिले के स्थान नामों का समाज भाषा वैज्ञानिक अध्ययन' ई. १९७९ मा पूरा गरेको पाइन्छ । मेरठ विश्वविद्यालयबाट ई.१९८१ मा डा. राममेहर सिंह बाजपेई ले मेरठ जिले के स्थान नामों का भाषा वैज्ञानिक अध्ययन र ई. १९८९ मा डा. सुशील कुमार पाण्डेको कानपुर विश्वविद्यालयबाट 'जनपद कानपुर के स्थान नामों का भाषावैज्ञनिक अध्ययन' कार्य सम्पन्न भएका पाइन्छ । यस्तै अन्य जनपदका स्थान नामहरूको पनि अध्ययन भएको पाइन्छ । जो यस प्रकार छन - इलाहावाद ( उमाशंकर त्रिपाठी ), बदायूं (अवदेश कुमार पाठक ) बिजनौर ( शूभामहेश्वर ), भिंड (अरविन्द कुमार ) मंडला ( प्रताप

सिंह ) सागर ( मंजुलता ) सोनिपथ (आनन्द कुमार ), कनौजी ( सरोजिनी देवी ) चंबल ( मासुम अहमद ) टिहरी (माहावीर प्रसाद), पोलिभीत ( सविता ) बरेली (ममता ) आदि ।

डा.उषा चौधरी ले ई. १९६८ मा मुरादावाद जिले के स्थान नामों का भाषावैज्ञानिक अध्ययन, शीर्षकमा विद्यावारिधि गरेको पाइन्छ।,डा. सरयू प्रसाद अग्रवालले ई.१९७३मा लखौ विश्वविद्यालयबाट अवध के स्थान नामों का भाषा वैज्ञानिक अध्ययन शीर्षकमा पीएचडी शोध गरेका छन्। ई. १९८३ मा डा. कामिनीले दतीया जिले के ग्राम नामों का भाषा वैज्ञानिक अध्ययन र उनकै ई.१९८५ को डि. लिट. मा बुन्देली भाषी क्षेत्र के स्थान अभिधानों का भाषावैज्ञानिक अध्ययन र डा. चितरंजन कर को 'नाम विज्ञान ' ई.१९८२ र डा.राजमल बोराको नामों का भाषाविज्ञान ई.१९८७ मा प्रकाशित भएको पाइन्छ। यसरी भारतमा स्थान नामको एमए उपाधी र अधिकतर विद्यावारिधि र डि.लिट उपाधिका लागि अध्ययन भएको पाइयो।

नेपालमा हालसम्म स्थाननाम सम्बन्धी पहिलो नेपाली स्थाननामकोश श्रेष्ठ (२०४४)ले नेपाल अधिराज्यका जिल्ला सदरमुकाम मुख्य सहर र अन्य प्रमुख धार्मिक स्थानको नाम कोशगत विधिबाट सङ्कलन गरी नामको व्युत्पत्ति र नाम रहनुको शाब्दिक अर्थ प्रस्तुत गरी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले प्रकाशित गरेको छ। त्यसपछि सुर्खेत क्याम्पस शिक्षाबाट एम एड. तहको शोधपत्रका रूपमा विभिन्न शोधार्थीले नेपालका विभिन्न जिल्लाका स्थाननामको संकलन गरी तिनका विशेषता समेत निकालेका छन। नेपालका विभिन्न जिल्लाका स्थाननामको अध्ययन गर्नेहरूमा कैलाली जिल्लाका टिकापुर नगरपालिका ओझा (२०७२) ले, हुम्ला जिल्लाका बुढा (२०७२) ले अछाम भैसोल्या क्षेत्रका बयक (२०७२) ले जुम्ला जिल्लाका चौलागाई (२०७२) ले, जाजरकोट जिल्ला दशेरा क्षेत्रका खडका (२०७२) ले रुकुम जिल्लाका ओली (२०७३) ले , बर्दिया जिल्लाका भट्टराई (२०७३) ले जाजरकोट जिल्ला खगेनकोट दराका पुन (२०७३) ले, दैलेख क्षेत्र नम्बर एकका चन्द (२०७३) ले रोल्पा जिल्लाका के.सी. (२०७३) ले, सुर्खेत जिल्ला पञ्चपुरी नगरपालिका बयक (२०७४) ले सुर्खेत गुर्भाकोट नगरपालिकाका सुनार (२०७४)ले , कालिकोट लालुलोखडाका पाण्डे ( २०७५)ले सुर्खेत चिङ्गाड क्षेत्रका राना(२०७४ ) ले,सुर्खेत चौकुने नगरपालिकाका बडुवाल (२०७४) र अछान जिल्ला पंचदेवल नगरपालिकाका कठायत (२०७४) ले स्थाननामको संकलन र विशेषताका बारेमा चर्चा गरेको पाइन्छ। किरात स्थाननामको प्रागऐतिहासिक एवम् भाषिक अध्ययन राई र चाम्लिङ (२०७४) ले गरेका छन्। नेपालको पूर्वी भेगमा पर्ने ओल्लो किरात, माझ किरात र पल्लो किरातलाई अध्ययनको क्षेत्र बनाइएको यस अध्ययनमा किराँत जातिमा प्रचलित स्थाननामको सङ्कलन,ती नाममा किराती भाषाको प्रभाव र तिनमा खस भाषाकरण र संस्कृतकरण भएका स्थाननामको खोजी गरिएको छ।

**अछामी स्थान नाम**

अछाम जिल्लाका स्थाननामलाई धार्मिक,ऐतिहासिक र भाषिक रूपमा विश्लेषण गर्न सकिन्छ। धार्मिक रूपमा देवीदेवताका नाम, मठ मन्दिरका नामबाट ठाउँका नाम राखिएका छन् । ईश्वर देवी देवताप्रति आस्था र विश्वास भएकाले तिनै ईश्वर वा देवीदेवताको स्मरण गरी मन शान्ति गर्नका लागि ठाउँको नामकरण गरिएको पाइन्छ जस्तै मस्टामान्डौं, शोडसादेवी,जालपादेवी, कालिकास्थान,बर्दादेवी, मंगलसैन आदि नामहरू देवीदेवताका नामबाट नामकरण गरिएको देखिन्छ। पुराना इतिहास बोकेका स्थल नामहरू पनि यहाँ रहेका छन् जस्तै दर्ना र बड्डिसेरा भनेका अछामको पुरानो इतिहास बोकेका बाइसे चौबिसे राज्यका राजधानी हुन्। अछामी ठाउँका नामबाट नेपालका धेरै जातिका थरहरू निर्माण भएको पाइन्छ। खासगरी अछामबाट बसाइ सरेपछि ती जुन स्थानमा थिए त्यस ठाउँको नामबाट तिनका थर बनेको पाइन्छ। जस्तै– अछाम >अछामि,दर्ना>दर्नाल,ओलिगाउँ>ओली,द्रवा>दुवाल,कुइका>कुइकेल,देवकोट>देवकोटा,घोडासैन>घोडासैनि,धमालि>धमाला,चापागाउँ>चापागाईं,पुडासैन>पुडासैनी,जनालि>जनाला\जनाल,बजगाउँ>बजगाई, जयगढ>जयगढी, बसौटि>बस्टेल, जामा >जमाल, बाँझकोट>बाँझकोटी,टिमु>टिमाल, बाराला>बराल,ठिंगाल गाउँ>ठिंगाल,मुलि>मुलेल,ढाँकु>ढकाल,रिमा>रिमाल,ढुङ्गानि>ढुङ्गाना,लेखकोट>लेखकोटि,तिमिलसैन >तिमिल्सैना, सोगट>सोगट,धारासैन>धारासैनी, जमालगाउँ>जमाल,मंगलसैन>मंगलसैनी आदि । अछामी भाषाका स्थाननामलाई मूलत: यहाँ भाषिक रूपमा विश्लेषण गरिएको छ। यहाँका स्थाननाम मूल रूपमा विशेषण र संज्ञाको योगबाट बनेका छन् । यस किसिमबाट बनेका स्थान नामहरूमा अघिल्ला विशेषण शब्दले विशेषत: निम्नलिखित कुराहरूको बोध गराउँछन् ।

**विशेषणको योगबाट निर्मित स्थान नाम**

अछामी भाषि क्षेत्रमा विशेषणबाट निर्मित स्थान नामहरूका विवरण, विशेषण र उदाहरणलाई निम्न तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका नं. १ विशेषणको योगबाट निर्मित स्थान नाम**

| **विवरण,** | **विशेषण,** | **उदाहरण,** |
|---|---|---|
| कालबोधक, | नौलो,फाटो,पुरानो, | नौला घर, फाटाबगड, पुराना पानि, |
| सतहबोधक, | तलि,हप्रि, मुल्लो, | तलिघर, हप्रिघर, मुल्लागाइन, |
| आकारबोधक, | ठुलो,सानो,लामो,बाटुलो,करालो,बाङ्गो | ठुलासैन,सानागाउँ, लामबाडा, बाटुलासैन, करालिगडा, बाङ्गापाटा |
| रङ्गबोधक, | सुकिलो, कालो,रातो | सुकिलिमाटि, कालिमाटि, कालाखोला, कालागाउँ, रातामाटा |
| सङ्ख्याबोधक, | पाँच,छ,आठ,नौ, पन्ध्र, | पान्सय दरा, छबिस दरा, पन्ध्रविस दरा, नौविस, आठबिस। |

अछाम जिल्लाका स्थाननाममा नौलो, फाटो, पुरानो, तलि, हप्रि, मुल्लो, ठूलो, करालो, सानो लामो, सुकिलो, कालो, बाटुलो, बाङ्गो, पाँच, छ, आठ, नौ र पन्ध्र जस्ता विशेषणको योगबाट स्थाननाम निर्माण भएको पाइन्छ।

**संज्ञाको योगबाट निर्मित स्थान नाम**

अछामी संज्ञाबोधक नामका क्षेत्र र पछाडि लाग्ने संज्ञा शब्द र लागेर बनेका स्थाननामका उदाहरणहरू निम्नानुसार छन्।

**तालिका नं. २ संज्ञाको योगबाट निर्मित स्थान नाम**

| विवरण | संज्ञा शब्द | उदाहरण |
|---|---|---|
| स्थल नाम सूचक | स्थान, टाँड, सैन, बाडा, पाटा, खाँद, चाल्ला, तोला, तोलि थुम, मोरा, थाइ, थाइलो, मेलो, काँडा, गैरा, पाटा | भैरवस्थान, कालिकास्थान, गैटाँड, मंगलसैन, ठुलासैन, कोटबाडा, लामबाडा, बयलपाटा, पुन्यापाटा, तुर्माखाँद, ठाँटिखाँद, आडेखाँद, पुलेतोला, बान्नातोलि, मैथुम, कोल्लिमोरा, गोब्र्याथाइ, कुसुपाध्याआथाइलो, लिडेमेलो, मोयाकाँडा बासकाँडा, कालेकाँडा, तडिगैरा, बयलपाटा, अमरपाटा |
| जलनामसूचक | खोला, घाट, दह, डम्म, खाल, गाड, गंगा, रवा | चिसिखोला, पुलामखोला, ठोटेखोला, आमिनाखोला, मलाता खोला, कैलासखोला, नथखोला, छिप्याखोला, बल्लेखोला, पोठ्या फडायाआ खोला, खाडाखोला, असारा घाट, जंगलघाट, ऋषि दह, रानिडम्म, किमुडम्म, दहखाल, प्रभाली गाड, लुड्रेली गाड, जिजाडि गाड, चिल्ताडा गाड, भानाकोट गाड, कुइका गाड, खुलालु गाड, बाराले गाड, कासा गाड, सरानि गाड, आर्दोलि गाड, बुढीगंगा, चाइरवा, उनिरवा, जुडिरवा, |
| वनस्पतिसूचक | वन, लेक, साल, पातल, सल लाउउत्तिस, मेल | पाल्यावन, रानिबन, क्वाल्लेक, मेल्लेक, टोटक्यासाल पुन्यापातल, धनेसल्ला, झ्याकिसल्ला, उत्तिस्याडि, मेल्लेक |
| सामाजिक स्थितिसूचक | गाउँ, पथ, बजार, गडो, खेत | गैरागाउँ, अमगाउँ, धुर्गाउँ, बिरपथ, कमलबजार, डौठ्यागडो, गोलि हान्ने गडा, बाँझाखेत, बेल्खेत |
| ऐतिहासिक राजनिति स्थिति सूचक | कोट, गडि, दरा, गड, ठाना | हात्तिकोट, नेटाकोट, जनालिकोट, घुङ्रकोटबुडाकोट, देउकोट, मलातिकोट, बान्निगढि, पानसय दरा, जैगड, नवाठाना, |
| धार्मिक स्थितिसूचक | थान, मान्डौ, देउ, नाथ, बन्डाली, देवि, माडु | भ्वान्थान, मस्टामाडौ, चाफामाण्डौ, बगलदेउ, वैजिनाथ, जनालीबन्डाली, कुन्तिबन्डालि, बर्दादेवि, षोडशादेवि, जाल्पादेवि, खन्यामाडु |

अछाम जिल्लाका संज्ञाबोधक स्थाननामहरूमा भूगोल, बनस्पति, सामाजिक ऐतिहासिक र धार्मिक स्थितिबोधन स्थाननाम रहेको पाइन्छ। यसप्रकारका नामको पछाडि स्थान,टाँड,सैन,बाडा,पाटा,खाँद,चाल्ला, तोला, तोलि, थुम, मोरा, थाइ, थाइलो, मेलो, काँडा, गैरा, पाटा, खोला, घाट, दह, डम्म, खाल, गाड, गङ्गा, रवा, बन, लेक, साल, पातल, सल्ला, गाउँ, पथ, बजार, गडो, खेत, कोट, गडि, दरा, गड, ठाना,थान, मान्डौ, देउ, नाथ, बन्डालि, देवी, माडु जस्ता संज्ञाबोधन परसर्ग लागेको पाइन्छ। माथिका सबै परसर्गले बिकटताको बोध गर्न सकिन्छ। अछाममा धेरै मानिसहरू कृषिमा आधारित डाँडाकाडाले घेरिएको ठाउँ भएकाले यस जिल्लाका स्थाननाममा पनि त्यसको प्रभाव परेको पाइन्छ। डम्म, थाइलो, गडा जस्ता शब्द अछामी भाषाका मौलिक शब्द हुन्। यिनै मौलिक शब्दको आधारमा नामकरण गरिएको पाइन्छ।

## निष्कर्ष

स्थाननाम मानव सभ्यताका  कला, साहित्य, संस्कृति, भाषा, भूगोल, ज्ञानविज्ञान परम्परा र इतिहाससँग सम्बन्धित हुन्छ । इतिहास भूगोल मानव सभ्यताको खोज अनुसन्धानमा स्थान नामको ठूलो भूमिका हुन्छ। अछाम जिल्लाका स्थाननामबाट नेपालका २९ ओटा थरका नाम रहेको पाइयो । नेपालको ऐतिहासिक क्षेत्रका रूपमा चिनिएको यो जिल्लाका विभिन्न स्थानबाट मानिसहरू अनेत्र गएपछि आफ्नो थर आफ्नो पूर्व जन्मभूमिको नामबाट राख्ने प्रचलन भएकाले स्थाननाम नै थर बनेका हुन्। अछामी भाषिक क्षेत्रमा रहेका स्थाननाम काल, सतह, आकार, रङ्ग, सङ्ख्या जनाउने नौलो,फाटो,पुरानो, तलि,हप्रि, मुल्लो, ठुलो, सानो,लामो सुकिलो, कालो, पाँच,छ,पन्ध्र जस्ता विशेषण र स्थल  जल वनस्पति सामाजिक ऐतिहासिक राजनिति स्थिति  र धार्मिक स्थिति जनाउने स्थान,  टाँड, सैन, बाडा, पाटा, खाँद, चाल्ला, तोला, तोलि, थुम, मोरा,
थाइ,थाइलो,मेलो,काँडा,गैरा,पाटा,गाउँ,पथ,बजार,गडो,खेत,वन,लेक,साल,पातल,सल्ला,खोला, घाट,दह,डम्म,खाल,गाड,गंगा,रवा,कोट,  गडि,दरा,गड,ठाना जस्ता नामको संयोगबाट निर्माण भएका छन् । यसबाहेक अन्य स्थान नामहरूले पनि अछामको भाषा, भूगोल,कला, संस्कृति,ज्ञान विज्ञानको मौलिक पहिचान गरेका छन् ।

## सन्दर्भ सूची

कामिनी ( ई.१९८५) बुन्देली–भाषी–क्षेत्र के स्थान–अभिधानों का भाषा वैज्ञानिक अध्ययन, कानपुर: आराधाना ब्रदर्श ।

कामिनी (ई.१९७८) दतिया जिले का ग्रान–नामोम का भाषा वैज्ञानिक अध्ययन,ग्वालियर: पी–एच.डी. शोधप्रबन्ध जीवाजी विश्वविद्यालय ।

का.मु. लक्ष्मीनारायण (ई. १९६७) ब्रज के स्थान –अभिधानों का भाषा वैज्ञानिक अध्ययन,आगरा: पी–एच.डी. शोधप्रबन्ध आगरा विश्वविद्यालय ।

कुर्ल,श्रीप्रसाद ( ई. १९६५) ए सोसियो लिंग्विस्टिक स्टडी अफ प्लेस नेम्स आँफ सहारनपुर डिस्ट्रिक्स,आगरा: पी–एच.डी. शोधप्रबन्ध आगरा विश्वविद्यालय ।

महेन्द्र, सत्यवती ( ई.१९६०) हिन्दी नाम माला साहित्य, आगरा: पी–एच.डी. शोधप्रबन्ध आगरा विश्वविद्यालय ।

यमिनी ( ई. १९७२) स्थान नामों का व्युत्पत्तिपरक, ऐतिहासिक एवम् सांस्कृतिक अनुशीलन, जालौना जनपथ पी–एच.डी. शोधप्रबन्ध उज्जैन विश्वविद्यालय ।

शर्मा, व्रजनन्दन प्रसाद ( ई. १९७२) सीधी जिले का बोली भूगोल, पी–एच.डी. शोधप्रबन्ध सागर विश्वविद्यालय ।

गुप्त, रामप्रसाद ( ई.१९७८) बाँदा जिले का स्थान नामों का समाज भाषा वैज्ञानिक अध्ययन, पी–एच.डी. शोधप्रबन्ध सागर विश्वविद्यालय ।

बोरा, राजमल ( ई. १९९२) नामों का भाषा – विज्ञान ( सांस्कृतिक, ऐतिहासिक विवेचना), दिल्ली: राजपाल एण्ड सन्ज ।

द्विवेदी, राकेशनारायण ( ई. ) स्थान – नाम: समय के साक्षी ( ललितपुर जनपथ के सन्दर्भ में ), ललितपुर उ.प. : जानकी प्रकाशन ।

पाण्डेय, सुशील कुमार ( ई. १९८९) जनपथ कानपुरका स्थान नामों का भाषा वैज्ञानिक अध्ययन, कानपुर : छत्रपतिशाहूजी महाराज विश्वविद्यालय ।

अग्रवाल, सरयुप्रसाद ( ई. १९७३) अवध के स्थान –नामों का भाषा वैज्ञानिक अध्ययन, लखनऊ: हिन्दी समिति ।

अग्रवाल,वासुदेवशरण (१९६९) पणिनीकालीन भारतवर्ष,वाराणसी: चौखंभा विद्या भवन ।

Nepal G. (2001) . National Population & Housing Census. Kathmandu: Government Of Nepal National Planning Commission Secretariat CBS.

विभाग, सूचना. (२०३४). मेची देखि महाकाली (Vol. ४). काठमाडौँ: सूचना विभाग।

शाही, हर्क बहादुर (२०७०) अछामी भाषाको अध्ययन. काठमाडौँ: पीएच डी. शोधप्रबन्ध, नेपाल संस्कृत विश्व विद्यालय अनुसन्धान महाशाखा वसन्तपुर ।

श्रेष्ठ, कृष्णप्रसाद (२०६७) स्थाननाम कोश, काठमाडौँ: हिमाल किताब प्रा.लि. ।

ओझा, ज्ञनकराज (२०७२), कैलाली जिल्लाका स्थाननामको नमुना शब्दकोश, अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

ओली, पुष्पा (२०७३), रुकुम जिल्लाका स्थाननामको नमुना शब्दकोश, अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६९), राष्ट्रिय जनगणना २०६८, काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

के.सी., नरेन्द्रकुमार (२०७३), रोल्पा जिल्लाका स्थाननामको शब्दकोश, अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

खड्का, लालबहादुर (२०७२), जाजारकोट दशेरा क्षेत्रको स्थाननामको नमुना शब्दकोश, अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

चन्द, विनोदकुमार (२०७३), दैलेख क्षेत्र नम्बर एकमा स्थाननाम शब्दकोश, अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

चौलागाई, मुकुन्द (२०७२), जुम्ली भाषिक भेत्रका स्थाननाम, अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

नेपाली बृहत् शब्दकोश (२०४०), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पुन, दानीलाल (२०७३), जाजरकोट जिल्ला खगेनकोट दराका स्थाननामको नमुना शब्दकोश, अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

बयक, पूर्णबहादुर (२०७२), अछाम भैयोल्या क्षेत्रका स्थाननामकोश, अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

बयक, मविनकुमार (२०७२), सुर्खेत जिल्ला पञ्चपुरी नगरपालिका स्थाननाम शब्दकोश, अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

बुढा, मेजबहादुर (२०७२), हुम्ला भाषी क्षेत्रका स्थाननामको नमुना शब्दकोश निर्माण, अप्रकाशित शोधपत्र, नेपाली भाषा विभाग, त्रि.वि. कीर्तिपुर ।

भण्डारी, पारसमणि, रामनाथ ओझा र डोलराज आत्याल (२०६८), भाषिक अनुसन्धान विधि, काठमाडौं : पिनाकल पब्लिकेसन ।

भट्टराई, रामप्रसाद (२०७३), बर्दिया जिल्लाका स्थाननाम शब्दकोश, अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

श्रेष्ठ, कृष्णप्रकाश (२०४४), स्थाननाम कोश, काठमाडौं ः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सिंह, प्रियंका (२०११), स्थानाम और संबन्धित शास्त्र, इलाहवाद : गवेषण (पृ. १५१) भारत केन्द्रिय हिन्दी संस्थान ।